कृष्णपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कंचनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

---

**शोक बक्तब्य**

नोबेल कोरोना भाईरस (कोभिड-१९) को महामारीका कारण भारतका बिभिन्न स्थानबाट आएका कृष्णपुर न.पा. ७ का बासिन्दाहरुका लागि वार्ड नं ७ स्थित राष्ट्रिय मा.वि. मा थप क्वारेन्टाइन स्थापना गर्ने सिलसिलामा २०७७/०२/१३ गते राती करिब १०:५५ बजे वडा नं ७ का वडा अध्यक्ष कल्लु रानाको ५८ वर्षको उमेरमा हृदयघात भई निधन भएको दुखद खबर जानकारी गराउदा अत्यन्तै मर्माहत भएका छौ | वडा अध्यक्ष कल्लु रानाको निधनले कृष्णपुर नगरपालिकाले एक असल, ईमान्दार, कर्तव्यनिष्ठ र जनप्रेमी जनप्रतिनिधि गुमाउदा ठूलो क्षति व्यहोर्नु परेको छ | जनताको सेवाकै क्रममा भएको दुखद निधनले कृष्णपुर नगरपालिका परिवार स्तब्ध एवं मर्माहत भएको छ | मृतक वडा अध्यक्ष कल्लु राना प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार जनलाई हार्दिक समवेदना व्यक्त गर्दछौ | साथै यस दुखको घडीमा सम्पूर्ण वडा बासि, नगरबासि, ईष्टमीत्र तथा साथिभाई हरुलाई धैर्य धारणका लागि समेत अनुरोध छ | वडा अध्यक्षको निधनका कारण कृष्णपुर नगरपालिकाका सम्पूर्ण औपचारिक कार्यक्रमहरु, सम्पूर्ण वडाका नियमित कामहरु मिति २०७७ जेष्ठ १४ गते बन्द रहने र कृष्णपुर नगरपालिकामा शोक पुश्तिका राखिने जानकारी गराउदछौ |

२०७७/०२/१४

नगर प्रमुख